## राष्ट्रिय मानवअधिकार आयोगका माननीय अध्यक्ष श्री अनूपराज शर्माले अन्तर्राष्ट्रिय सम्मेलनको प्रतिवेदन सार्वजनिक समारोहमा दिनु भएको मन्तव्य

**आयोगका माननीय सदस्यज्यूहरु,**

**संवैधानिक निकायका प्रमुखज्यूहरु,**

**सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरुको छानवीन आयोगका प्रमुखज्यूहरु**

**आयोगका सचिवज्यू,**

**नेपाल सरकारका सचिवज्यूहरु तथा प्रतिनिधिज्यूहरु**

**Representative of UN Resident Coordinator in Nepal**

**Diplomats,**

**नागरिक समाजका प्रतिनिधिज्यूहरु, गैरसरकारी संस्थाका प्रतिनिनिधिज्यूहरु**

**Head of Govermence Facility, Nepal**

**अधिकारकर्मीहरु,**

**संचारकर्मीहरु लगायत सम्पूर्ण उपस्थित महानुभवहरु**

राष्ट्रिय मानव अधिकार आयोग, नेपालले दक्षिण एशियामा रहेका मानव अधिकार सम्वन्धि राष्ट्रिय संस्थाहरुले मानव अधिकार संरक्षण र सम्बर्द्धनमा गरिरहेका राम्रा कार्यहरुलाई राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा नै बृद्धि गर्दै सहकार्य र समन्वयलाई विस्तार गरी संयुक्त रुपमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा रहेको दण्डहीनता लगायतका चुनौतीहरुलाई सामुहिक रुपमा बहस गर्ने उद्देश्यका साथ Identifying Challenges, Assessing Progress, Moving Forward: Addressing Impunity and Realizing Human Rights In South विषयक अन्तर्राष्ट्रिय सम्मेलन यहि अप्रिल ९ देखि अप्रिल ११ सम्म काठमाडौमा सम्पन्न गरेको थियो । उक्त सम्मेलनमा दक्षिण एशियाका देशहरु र सो बाहेकका मुलुकहरुका अधिकारकर्मीहरुको समेत सहभागिता रहेको थियो ।

नेपालको राष्ट्रिय मानव अधिकार आयोगले दक्षिण एशियाली मुलुकका मानव अधिकार संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका राष्ट्रिय संस्थाहरुलाई एकै स्थानमा भेला गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा भोग्नुपरेका चुनौतीहरुको पहिचान गर्दै दण्डहीनताको सम्वन्धमा र दक्षिण एशियामै साझा रहेका आर्थिक, सामाजिक, सास्कृतिक अधिकार, सीमान्तीकृत पीडित समुदायका मानव अधिकार संरक्षण सम्वन्धमा हातेमालो र सहकार्य गरी जाने विषयमा बहस छलफल गर्ने कार्य भयो । उक्त सम्मेलनको अन्त्यमा संयुक्त रुपमा प्रेश नोट जारी गर्दै काठमाडौ घोषणापत्र समेत जारी भएको थियो ।

आजको यस समारोहमा सोही सम्मलेनको प्रतिवेदनलाई पुस्तकका रुपमा यहाँहरु सामु सार्वजनिक गर्न पाउँदा मलाई धेरै खुशी लागेको छ ।

उल्लेखित सम्मेलनले मानव अधिकारका साझा मुद्दाहरु आर्थिक, सामजिक अधिकार, महिला अधिकार लगायतका विषयहरुमा राष्ट्रिय  र अन्तर्राष्ट्रिय रुपमा समेत मानव अधिकारका विषयमा समन्वय र सहकार्य गरी अगाडी बढ्नको लागि मद्दत गर्नुका साथै बृहत क्षेत्रलाई पहिलो पटक एकै साथ भेला गराउन मद्दत गरेको छ । मलाई विश्वास छ आगामी दिनहरुमा समेत यस्ता कार्यक्रमहरुले हामीलाई संयुक्त रुपमा कार्य गर्न प्रेरित गर्नेछ । यस सम्मेलनलाई सम्पन्न गर्नको लागि आयोगलाई सहयोग गर्नुहुने नेपाल सरकार, United Nations, Asia Pacific Forum, Governance Facility  लगायत सरोकारवाला निकायहरु, नागरिक समाज, अधिकारकर्मीहरु, कानून विज्ञहरु, विषयगत विज्ञहरु, संचारकर्मीहरु सम्पूर्णलाई पुन एक पटक  धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

व्यस्त समयका बाबजुत पनि यहाँहरुले हाम्रो निमन्त्रणालाई स्वीकार गरी आफ्नो अमूल्य समय दिई उपस्थित भई कार्यक्रमको गरिमा बढाइदिनु भएकोमा म सम्पूर्ण अमन्त्रित विशिष्ट व्यक्तित्वहरुलाई धन्यवाद दिर्दै आजको यस कार्यक्रमको समापन भएको घोषणा गर्दछु ।

धन्यवाद

मिति २०७५/४/३१